# निर्वाचन आयोग, नेपाल
# जिल्ला निर्वाचन कार्यालय
चैनपुर, बझाङ्ग

प.सं: ०७९।०८०  मिति: २०७९।०६।०७

च.नं: ९८

विषय: निर्वाचन खर्चको विवरण नबुझाएकोले जरिवाना गरिएका उम्मेदवारहरुको विवरण सम्बन्धमा ।

श्री खप्तडछान्ना गाउँ पालिका,
गाउँकार्यपालिकाको कार्यालय,
पसलबगर, बझाङ

प्रस्तुत सम्मानित निर्वाचन आयोगबाट मिति २०७९।०५।३१ मा स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा तहाँ पालिका अन्तर्गत विभिन्न पदहरुमा उम्मेदवार भै कानूनले तोकेको अवधिं (तीस दिन) भित्र निर्वाचन खर्चको विवरण नबुझाएका २० (बिस) जना उम्मेदवारहरुलाई जरिवाना गर्ने निर्णय भएकोले तहाँ पालिका अन्तर्गतका जरिवाना गरिएका उम्मेदवारहरु र जरिवाना गरिएको रकमको विवरण यसै साथ संलग्न गरी पठाइएको छ। निर्वाचन आयोगको उक्त मिति २०७९।०५।३१ को निर्णय र च.नं १७०, मिति २०७९।०६।०५ को पत्रका आधारमा तपसिल बमोजिम गर्नु गराउनुहुन अनुरोध छ।

<u>तपसिल</u>

१. यसै साथ संलग्न जरिवाना गरिएका उम्मेदवारहरुको सूची तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी टाँस गरिएको रीतपूर्वकको मुचुल्का यस कार्यालयको इमेल ठेगाना ec.deo.bajhang@gmail.com मा पठाइदिनुहुन।
२. आयोगबाट निर्णय भएको मिति २०७९।०५।३१ ले ६ (छ) महिनाभित्र उम्मेदवारहरुले आफूलाई लागेको जरिवाना नबुझाएमा ६ (छ) वर्ष सम्म कुनै पनि निर्वाचनमा भाग लिन नपाउने गरी रोक लगाउने र जरिवाना बापतको रकम निजहरुबाट दाखिला नभएमा सरकारी बाँकी सरह असुल उपर गर्न नाम नामेसी विवरण केन्द्रीय तहसिल कार्यालयमा लेखी पठाउने भनी आयोगबाट निर्णय भएको व्यहोरा सूचित गरिदिनुहुन।
३. जरिवाना भएको रकम असुल उपर गर्न आवश्यक सहयोग गर्नुहुन।

०७९।०६।०७

बिमल प्रसाद गौतम
जिल्ला निर्वाचन अधिकारी